**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः १६ जून २०२६**

समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- मुख्यमन्त्री शुवेन्दु अधिकारीले दार्जिलिङ पहाडका लामो समयदेखि थातीमा रहेका गोर्खा समस्याहरू भारतको संवैधानिक ढाँचा भित्र चाँडै समाधान गरिनेछ र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (GTA) मा भएको भ्रष्टाचारको पनि छानबिन र कारबाही गरिने बताउनुभयो।

- मुख्यमन्त्री सुवेन्दु अधिकारीले ईस्टर्न फ्रन्टियर राइफल्स चाँडै पुन: स्थापना हुने र एक हजारभन्दा बढी गोर्खा युवाहरू भर्ती गरिने बताउनुभएको छ।

- पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले आज कलकत्ता उच्च न्यायलयमा भवानीपुर विधानसभा चुनावको परिनामलाई चुनौती दिँदै चुनावी याचिका दायर गर्नुभएको छ।

- सशस्त्र सीमा बल क्षेत्रीय मुख्यालय रनिडङ्गाको एन्टी ह्युमन ट्राफिकिङ युनिटद्वारा आज नवोदय विद्यालय, छबीसे, मिरिकमा मानव तस्करीविरुद्ध सचेतना कार्यक्रम आयोजना गरियो।

- नीट यूजी पुन: परीक्षा अघि, सरकारले सोशल मीडिया प्लेटफार्म टेलीग्राममा 22 जूनसम्म प्रतिबन्ध लगाएको छ; सन्देश सम्पादन सुविधा 30 जुन सम्म बन्द रहनेछ।

**मुख्यमन्त्री खर्सांग भ्रमण**

दार्जिलिङ पहाडका लामो समयदेखि थाती रहेका गोर्खा समस्याहरू भारतको संवैधानिक ढाँचा भित्र चाँडै समाधान गरिनेछ र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (GTA) मा भएको भ्रष्टाचारको पनि छानबिन गरिनेछ र भ्रष्टाचारीहरूलाई कारबाही गरिनेछ। पश्चिम बंगालका मुख्यमन्त्री श्री शुभेन्दु अधिकारीले दार्जिलिङ जिल्ला अन्तर्गत पर्ने मोन्टेभियोट खेल मैदान खर्सांगमा एक सार्वजनिक सभालाई सम्बोधन गर्नुहुदै यो कुरा बताउनुभयो। उहाँले खर्सांग नजिकैको गोथल्स मैदानमा जारी तीन दिवसीय जन कल्याण शिबिरको पनि निरीक्षण गर्नुभयो र विभिन्न राज्य र संघ कल्याणकारी योजनाहरूका लाभार्थीहरूलाई लाभ वितरण गर्नुभयो। तीन दिवसीय जन कल्याण शिविर १५ जुन देखि १७, जुन २०२६ सम्म राज्यभरि सुरु गरिएको छ। मुख्यमन्त्री बनेपछि दार्जिलिङ पहाडको यो उहाँको पहिलो भ्रमण हो। बाघडोग्रा विमानस्थलमा आइपुगेपछि उनी सडक मार्ग भएर खर्सांग पुग्नु भएको थियो। हजारौं मानिसहरू मुख्यमन्त्रीलाई स्वागत गर्न कार्यक्रममा उपस्थित थिए।

दार्जिलिङ पहाडी क्षेत्रको सर्वांगीण विकासमा जोड दिनुहुदै उहाँले छोटो अवधि र दीर्घकालीन समसामयिक विकास योजना तयार भइरहेको र यसको लागि विनियोजन आगामी २२ जुन, २०२६ बाट सुरु हुने राज्य बजेट सत्रमा घोषणा गरिने बताउनुभयो।

प्रधानमन्त्री चाय श्रमिक योजनाको बारेमा कुरा गर्नुहुदै उहाँले दार्जिलिङ पहाड र तराई ,डुवर्स क्षेत्रमा बन्द रहेका २५ वटा चिया बगानहरू चाँडै खोल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। यसका लागि केन्द्र सरकारले ३३० करोड रुपियाँ विनियोजन गरेको पनि उहाँले बताउनुभयो ।

उहाँले पहाड लगायत क्षेत्रको समग्र विकासको लागि उत्तर बंगालमा सडक र राजमार्गहरूको विकास र विस्तार द्रुत गतिमा गरिने बताउनुभयो। पछिलो तृणमूल सरकारको आलोचना गर्नुहुदै उहाँले भन्नुभयो ममता सरकारको समयमा पहाडी क्षेत्र सहित उत्तर बंगाल पूर्ण रूपमा वञ्चित थियो। तृणमूल सरकारको समयमा कट मनी, सिन्डिकेट शासन, भ्रष्टाचारले उत्तर बंगालको विकासलाई ठप्प पारेको थियो।

मुख्यमन्त्री आज एक दिवसीय भ्रमणको लागि दार्जिलिङ पहाड आइपुगनुभएको थियो। मुख्यमन्त्रीको पदभार ग्रहण गरेपछि उहाँले डेढ महिनामा तीन पल्ट उत्तर बंगालको भ्रमण गरेको बताउनुभयो।

उहाँले हाल राज्यमा धेरै केन्द्रीय सरकार र राज्य सरकारका योजनाहरू लागू गरिएको बताउनुभयो। श्री अधिकारीले प्रधानमन्त्री आयुष्मान भारत योजना अन्तर्गत, अब पश्चिम बंगालका योग्य जनताले ५ लाख रुपियाँको स्वास्थ्य कभरेज पाउने बताउनुभयो। उहाँले राज्यको अन्नपूर्ण भण्डार योजना अन्तर्गत योग्य महिलाहरूको प्रमाणीकरण भइरहेको र अहिलेसम्म २८ लाखभन्दा बढी योग्य महिलाहरूले लाभ उठाइसकेका बताउनुभयो।

उहाँले युवा साथी योजना अन्तर्गत शिक्षित बेरोजगार युवाहरूलाई मासिक भत्ता दिइने र आगामी बजेटमा यसको व्यवस्था गरिने पनि बताउनुभयो।

श्री अधिकारीले पहाडी जिल्ला कालिम्पोङमा मेडिकल कलेज निर्माण गरिनेछ र दार्जिलिङ जिल्लाको खर्संगमा एउटा ठूलो अस्पताल निर्माण गरिने घोषणा पनि गर्नुभयो। प्रधानमन्त्री खेलो इन्डिया र जोडो इन्डिया योजना अन्तर्गत पहाडहरूमा खेल मैदान र रंगशालाहरू विकास गरिने जसले पहाडका पहाडी खेल प्रतिभाहरूलाई बढावा दिने बताउनुभयो।
उहाँले पाँच हिमाली पहाडी शहरहरू, दार्जिलिङ, कालिम्पोङ, खर्संग, मिरिक र सिलिगुडी विकास गर्ने काम चाँडै सुरु हुने कुरामा जोड दिनुभयो।

**मुख्यमन्त्री ईस्टर्न फ्रन्टियर राइफल्स (EFR)**

ईस्टर्न फ्रन्टियर राइफल्स चाँडै पुनः स्थापना हुनेछ, जसमा एक हजारभन्दा बढी गोर्खा युवाहरू भर्ती हुनेछन्। पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले दार्जिलिङ पहाडमा नवनिर्वाचित मुख्यमन्त्रीको स्वागत गर्न दार्जिलिङ जिल्लाको खरसाङमा आयोजित जनसभालाई सम्बोधन गर्नुहुदै यो घोषणा गर्नुभएको हो। देशको रक्षा गर्ने गोर्खा सैनिकहरूको वीरता र बलिदानको सम्झना गर्नुहुदै उहाँले ममता बनर्जीको नेतृत्वमा रहेको पछिलो राज्य सरकारले ईस्टर्न फ्रन्टियर राइफल्समा भर्ती रोकेको बताउनुभयो। उहाँले ईस्टर्न फ्रन्टियर राइफल्सलाई एक समय ऐतिहासिक शक्ति मानिन्थ्यो, तर दूरदर्शीताको कमि र नकारात्मक टीएमसी सरकारले यसलाई केवल दुई बटालियनमा सिमित गरेको उहाँले बताउनुभयो। श्री अधिकारीले राज्य पुलिसमा भर्ती प्रकिर्य चाँडै पुनः सुरु हुने, जसले ठूलो संख्यामा गोर्खा युवाहरूलाई फाइदा पुऱ्याउन बताउनुभयो। उहाँले राज्यमा भर्ती प्रकिर्यमा कम्तिमा ३० प्रतिशत सिट महिलाहरूको लागि आरक्षित हुनुपर्ने पनि बताउनुभयो। यस अवसरमा उत्तर बंगाल विकास तथा पहाडी मामिला राज्यमन्त्री श्री निशित प्रामाणिक, गृह तथा पहाडी मामिला राज्यमन्त्री विशाल लामा, वित्त तथा परिवहन राज्यमन्त्री आनन्दमय बर्मन, पूर्व विदेश सचिव तथा राज्यसभा सांसद हर्षवर्धन श्रृंगला र दार्जिलिङ लोकसभा सांसद राजु विष्ट पनि उपस्थित थिए।

**ममता बनर्जी उच्च न्यायलय**

पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले आज कलकत्ता उच्च न्यायलयमा भवानीपुर विधानसभा चुनावको परिनामलाई चुनौती दिँदै चुनावी याचिका दायर गर्नुभएको छ। उहाँ निवेदन दायर गर्न व्यक्तिगत रूपमा उच्च न्यायलयमा पुग्नुभएको थियो |
यस अवधि तृणमूल कांग्रेसका वरिष्ठ नेता डेरेक ओ'ब्रायन, डोला सेन, कुणाल घोष र कल्याण बनर्जी ममता बनर्जीसँगै उपस्थित थिए।
उल्लेखनीय छ कि ममता बनर्जी यसअघि पनि १४ मईमा उच्च न्यायलयको पुग्नुभएको थियो । त्यस दिन, उहाँ वकिलको रूपमा न्यायलयमा उपस्थित हुने कार्यक्रम थियो, त्यसैले उहाँ परम्परागत वकिलको पोशाकमा देखिएकी थिइन्। यद्यपि, आज, उहाँ सामान्य साडी लगाएर न्यायलय पुग्नुभएको थियो।
हालैको विधानसभा चुनावमा, ममता बनर्जीले भवानीपुर सिटमा भाजपा नेता तथा वर्तमान मुख्यमन्त्री शुभेन्दु अधिकारीसँग १५ हजार १०५ मतले हारेकी थिन। चुनावी नतिजा घोषणा भएदेखि, ममताले आफ्नो हार स्वीकार गर्नुको सट्टा मतदान प्रक्रियामाथि प्रश्न उठाइरहेकी छिन्।
४ मईमा चुनावी नतिजा घोषणा भएको भोलिपल्ट ५ मईमा आफ्नो कालीघाट निवासमा आयोजित पत्रकार सम्मेलनमा, ममता बनर्जीले आफ्नो पार्टी वास्तवमा नहारेको , अनि चुनाव धाँधलीपूर्ण र मत चोरी भएको दाबी गर्नुभएको थियो।

**अभिषेक बनर्जी एफआईआर**

डायमंड हार्बरका भाजपा नेता अभिजित विश्वास उर्फ बबीले अवैध माटो उत्खनन र बिक्रीको आरोपमा तृणमूल कांग्रेसका सांसद अभिषेक बनर्जी, उनका सहयोगी सुमित रोय र विष्णुपुरका विधायक दिलीप मण्डल सहित २३ जना विरुद्ध एफआईआर दर्ता गर्नुभएको छ।
अभिजित विश्वासले अवैध रूपमा माटो उत्खनन र बिक्रीमा संलग्न व्यक्तिहरूले लगभग ३०० करोडको आर्थिक क्षति भएको आरोप लगाउनुभएको छ। सोमबार राति कालीतला-अशुलिया पुलिस थानामा उजुरी दर्ता गरिएको थियो।
भाजपा नेताले आफ्नो उजुरीको समर्थनमा पुलिसलाई क्षेत्रका धेरै स्याटेलाइट तस्बिरहरू बुझाएको दाबी गर्नुभएको छ। उहाँले बताउनु भए अनुसार, यी तस्बिरहरूले माटो उत्खनन गरिएको स्थानहरू र जमिनमा भएको क्षतिको मात्रा स्पष्ट रूपमा देखाउँछन्।
अभिजित विश्वासले पहिले २०२० मा चक्रवात अम्फानको समयमा राहत सामग्रीको रूपमा ल्याइएको तिरपालहरू तृणमूल कांग्रेस पार्टी कार्यालयहरूमा अवैध रूपमा भण्डारण गरिएको आरोप लगाउनुभएको थियो।
हालको मामिलामा, भाजपा नेताले माटो संकलन र बिक्री व्यवस्थित तरिकाले गरिएको आरोप लगाउनुभएको छ |

**सशस्त्र सीमा बल**

सशस्त्र सीमा बल क्षेत्रीय मुख्यालय रनिडङ्गाको एन्टी ह्युमन ट्राफिकिङ युनिटद्वारा आज नवोदय विद्यालय, छबीसे, मिरिकमा मानव तस्करीविरुद्ध सचेतना कार्यक्रम आयोजना गरियो।

बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म सञ्चालन गरिएको उक्त कार्यक्रममा निरीक्षक (जेनेरल) पल्लव कुमार दाससहित चार जना कर्मचारीको सहभागिता रहेको थियो। कार्यक्रम उपनिरीक्षक (जेनेरल) रामपाडा राई, समवाय कमाण्डर, एफ-समवाय ओकेटीको मार्गदर्शनमा सम्पन्न भएको थियो।
विद्यालयका प्रधानाध्यापक जे. के. सिंहको उपस्थितिमा आयोजित कार्यक्रममा १९२ जना विद्यार्थी तथा १४ जना शिक्षक-शिक्षिकाहरूको सहभागिता रहेको थियो।
कार्यक्रमका क्रममा सीमावर्ती क्षेत्रमा बढ्दो मानव तस्करीका गतिविधि, त्यसका जोखिमहरू तथा यसलाई रोकथाम गर्न अपनाउनुपर्ने उपायबारे विद्यार्थीहरूलाई विस्तृत जानकारी दिइयो। साथै, शंकास्पद गतिविधिबारे समयमै सम्बन्धित निकायलाई जानकारी गराई मानव तस्करी नियन्त्रणमा सहयोग पुऱ्याउन सबैलाई आग्रह गरिएको थियो।
सचेतनामूलक कार्यक्रमले विद्यार्थीहरूमा मानव तस्करीसम्बन्धी जानकारी अभिवृद्धि गर्नुका साथै सामाजिक जिम्मेवारीप्रति थप सचेत बनाएको आयोजक पक्षले जनाएको छ।

**एनटीए टेलीग्राम बैन**

21 जूनमा निर्धारित राष्ट्रिय प्रवेश तथा **पात्रता परीक्षा-नीट** यूजी 2026 को पुन: परीक्षालाई ध्यानमा राख्दै सरकारले 22 जून सम्म टेलिग्राम एपमा अनलाइन सन्देश पठाउन प्रतिबन्ध लगाएको छ।**राष्ट्रीय परीक्षा एजेंसी -एनटीएले** सीमित र निश्चित अवधिको लागि टेलीग्राम एक्सेसमा प्रतिबन्ध लगाउने इलेक्ट्रानिकी एवं सूचना प्रौद्योगिकी मंत्रालयको निर्णयको स्वागत गरेको छ। NTA ले यो प्रतिबन्ध NEET UG-2026 को पुन: परीक्षाको दिनसम्म र त्यसको लगत्तै लागू हुने बताएको छ।एजेन्सीले टेलिग्रामलाई 30 तारिखसम्ममा पहिले नै पोस्ट गरिएका सन्देशहरू सम्पादन गर्ने सुविधा बन्द गर्न पनि निर्देश दिइएको बताएको छ।

**********